**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ (गोदावरी) संख्या : ३६ मिति : २०७७/०९/०२

**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर कार्यपालिका बैठकबाट पारित मिति :२०७७/८/२१**

**प्रमाणीकरण मिति :२०७७/९/१**

# राजश्व संकलन कार्यान्वयन नियमन कार्यविधि २०७७

**१. प्रस्तावना :-**

गोदावरी नगरपालिका पशु सेवा शाखाद्वारा सञ्चालित कार्यक्रम बमोजिम दिईने सेवा सुविधा तथा व्यवस्थापन वापत कृषक/व्यवसायिक/फर्म/समुह/समिती/सहकारीहरुलाई राजश्वको दायरा भित्र ल्याउन, अपनत्व, कर्तव्य बोध गराउनका साथै राजश्व संकलनलाई नियमन गर्न **"राजश्व संकलन कार्यान्वयन नियमन कार्यविधि बाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, ०७४ को दफा ११ को उप दफा ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।**

**२. संक्षिप्त नाम र प्रारम्भ :-**

क) यस कार्यविधिको नाम **"राजश्व संकलन कार्यन्वयन नियमन कार्यविधि २०७७"** रहने छ ।

ख) यो कार्यविधि नगर कार्यपालिका बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**३. परिभाषा :-** अर्को अर्थ नलागेमा यस शब्दको निम्न अनुसार परिभाषा गरिनेछ ।

क) पशु :- पशु भन्नाले कृषकले पालेका घर पालुवा जनावर सम्झनु पर्नेछ । साथै यसले जंगली जनावर पंक्षी तथा माछ्रा समेतलाई सम्झनु पर्दछ ।

ख) सानापशु :- साना पशु भन्नाले घर पालुवा शारिरीक वनावट साना भएका पशु भेडा, बाख्रा, बंगुर/सुंगुर, बोका, थुमा, विर, छतौरा छतौरी, पाठापाठी सम्झनु पर्दछ ।

गोदावरी नगरपालिका

ग) ठुला पशु :- ठुला पशु भन्नले घरपालुवा शारिरीक वनावट ठुला भएका पशु गाई/गोरु, बहर, बाच्छा बाच्छी, भैसी, राँगा, पाडापाडीलाई सम्भनु पर्दछ ।

घ) धेरै ठुला पशु :- धेरै ठुला पशु भन्नले घरपालुवा शारिरीक वनावट धेरै ठुला भएका पशु हात्ती उटलाई सम्भनु पर्दछ ।

ङ) पंक्षी :- दुईवटा खुट्टा भएका पखेटा भएका पशुलाई पंक्षी कुखुरा, हाँस, टर्की, लौकट, बट्टाई, सुगा, मैनाचरी आदिलाई सम्भनु पर्दछ ।

च) जंगली पशु : घर पालुवा वाहेक जंगलमा पाईने जंगली जनावर (बाघ, चितुवा, स्याल, फ्याउरो, ब्वासो, हाती, गैडा, भालु, चितल, घोरल, थारल, निलगाई आदि सम्भनु पर्दछ ।

छ) सोख (रहरका) लागी पालिने पशु :- पशुहरुमा कुकुर, विरालो र पंक्षीहरुमा सुगा, मैना चरी आदि ।

ज) पशु पालनफर्म :- व्यावसायिक रुपमा मुख्य पेशा बनाई पशु उत्पादनका लागी सञ्चालन गरिने स्थल, स्थान विशेषलाई फर्म मानिनेछ । पशु पालन फर्म दर्ता कार्यविधि २०७७ अनुसार यी फर्महरुलाई तीन किसिममा विभाजन गरिएको छ ।

अ) साना पशु पालन फर्म :-

आ) मभ्फौला पशु पालन फर्म :-

इ) ठुला पशु पालन फर्म :-

पशु उत्पादन :- पशुहरुबाट उत्पादन हुने उपभोग गरिने पदार्थलाई पशु उत्पादन सम्भनु पर्दछ ।

फर्म दार्ता :- व्यावसायिक पशु पालन फर्मलाई नगरपालिका पशु सेवा शाखामा विधिवत रुपमा विवरण पेश गरी दर्ता गर्नु पर्नेछ ।

फर्म नविकरण :- व्यावसायिक पशु पालन फर्म स्थापना पश्चात निश्चित तोकिएको अवधि भित्र पुनः विधिवत रुपमा विवरण पेश गरी नविकरण गर्नुपर्नेछ ।

सिफारिश पत्र : निश्चित विषय वस्तुको बारेमा सम्बन्धित सरोकारवाला निकाय (कार्यालय/संघ संस्थामा) सहयोग सञ्चालनका लागी गरिने पत्राचारलाई सिफारिश पत्रबुभ्फाउनु पर्नेछ ।

**४. उद्देश्य :-**

क) नगरपालिका पशु सेवा शाखाबाट कृषक/फर्म/समुह/समितिलाई सेवा सुविधा व्यवस्थापन वापत राजश्व संकलन गरी राजश्वको दायरा भित्र ल्याउने ।

ख) राजश्व बुभ्फाउदा कृषक/फर्म/समुह/समितीमा अपनत्व अधिकार जागृत गर्ने ।

ग) सेवा सुविधा व्यवस्थापनलाई मर्यादित, व्यवस्थित बनाउन ।

घ) सेवा सुविधा व्यवस्थापनलाई नियमन गराउन ।

**५. लक्ष्य :-**

क) कृषक/सेवाग्राही राजश्व संकलन गर्ने ।

ख) कृषक फर्म/समुह/समितीलाई अपनत्व (Ownership) तथा अधिकार जागृत गर्ने ।

ग) सेवा सुविधालाई मर्यादित र व्यवस्थित बनाउने ।

घ) सेवा सुविधालाई नियमन गराउने ।

**६. राजश्व संकलन दर भाउ**

**क) उपचार सेवा :-**

अ) घर पालुवा पशु

साना पशु प्रति पशु रु. ५।-

ठुला पशु प्रति पशु रु.२५।-

अति ठुला पशु प्रति पशु रु. २५।-

आ) जंगली पशु :-

ठुला पशु प्रति पशु रु. २५।-

अति ठुला पशु प्रति पशु रु. १५०।-

इ) सोखका लागी पालिने पशु :-

कुकुर, विरालो रु.५०।-

ई) पंक्षी :- रु. ५।-

कुखुरा, हाँस, बट्टाई, लौकट प्रतिगोटा रु. १।-

टर्की रु. ५।-, अष्ट्रिच रु. २५।-

**ख) रोग निदान :-**

अ) गोबर जाँचको प्रति पशु

साना पशु प्रति पशु रु. ५।-

ठुला पशु प्रति पशु रु.२५।-

आ) दुध परिक्षण रु. १०।-

इ) रगतजाँच (हेमाचुरिया, बवोसिया) प्रतिपशु रु. २५।-

**ग) शव परिक्षण :-**

अ) कुखुरा, हाँस रु २५।-

आ) ठुला पंक्षी रु ५०।-

इ) साना पशु :-रु १५०।-

ई) ठुला पशु :- रु ५००।-

**घ) गर्भ परिक्षण :-** गाई, भैसी) प्रति पशु :- रु.२५।-

**ङ) कृत्रिम गर्भाधान सेवा कार्यक्रम :-**

अ) गाई, भैंसी, बाख्राप्रति पटक प्रति पशु रु २५।-

आ) सेक्स सिमेनको वापतको शुल्क रु. ५००।- देखि रु. १५००।- (सेवा उपलब्ध भएमा)

**च) पशु बन्ध्याकरण शुल्क**

अ) राँगा , साँढे रु. २५।-

आ) बोका, थुमा रु. ५।-

इ) बंगुर, विर रु. २५।-

**छ) समुह दर्ता शुल्क रु.१००।-**

**ज) समिती दर्ता शुल्क रु.१००।-**

**झ) पशु पालन फर्म/समिति दर्ता**

अ) फर्म दर्ता रु.१०००।-

**ञ) नविकरण**

अ) समुह नविकरण रु. १००।-

आ) समिति नविकरण रु. १००।-

इ) फर्म नविकरण :-१०००।-

**ट) लागत स्टिमेटः-**

अ) साना कृषक (व्यक्ति) रु. १००/-

आ) साना फर्म रु.२००।-

इ) मझौला फर्म रु. ५००।-

ई) ठुला फर्म रु.१०००।-

**ठ) सिफासि पत्र शुल्क रु. निशुल्क ।-**

**ड) प्राकृतिक गर्भाधान सेवा शुल्क**

समुह/समिति/फर्मले लिन सक्ने नगरपालिका/ प्रदेश/संघिय सरकारले उपलब्ध गराएको (राँगो/साँढे, बोका) बाट लिने शुल्क समुह/समिति बाहिर रु. १०००।-

राँगो/साँढे उन्नत भएमा (समुह/समितिभित्र) प्रति पशु रु. ५००।-

बोका/थुमा/विर) उन्नत भएमा (समुह/समिति भित्र) प्रति पशु रु. १००।-

समुह/समिति बाहिर रु. २००।-

बोयर बोका उन्नत भएमा (समुह/समिति भित्र) प्रति पशु रु. २००।-

समुह/समिति बाहिर रु. ५००।-

**७. विविध :**

क. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिका बाट निर्णय गराई सोही बमोजिम गरिनेछ ।

ख. संसोधन :- यस कार्यविधिमा कुनै बुँदामा संसोधन गर्नु परेमा नगर कार्यपालिकाले निर्णय गरि संसोधन गर्न सक्नेछ ।

ग. बचाउ :- यो कार्यविधि लागु हुनु पुर्व भए गरे गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ ।

घ. बाझिएको हद सम्म अमान्य हुने :- कुनै दफा संघिय तथा प्रदेश कानुन सँग बाझिएको हद सम्म अमान्य हुनेछ ।

आज्ञाले

देवराज जोशी

प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका